# वार्षिक तलबी छुट्टी

- मलाई तलबी छुट्टी लिन दिइँदैन।
- मैले तलबी छुट्टीको आवेदन दिएर बिदा लिएँ तर त्यो दिनको पारिश्रमिक पाइँन।
- म कम्पनीले मेरो तलबी छुट्टी किनिदिओस् भन्ने चाहन्छु।

---

**1. सुरुमा निश्चय गरेर हेर्नुहोस्।**

बिदा बाहेकको दिनमा कामदारले आफूले चाहेको बेला तलबी छुट्टी लिएर बिदामा बस्न पाउने व्यवस्थालाई वार्षिक तलबी छुट्टी भनिन्छ।

6 महिना लगातार काम गरी कुल काम गर्ने दिनको 80 प्रतिशत वा सोभन्दा बढी काममा उपस्थित भएको कामदार भएमा उक्त कामदारले वार्षिक तलबी छुट्टी लिन पाउँछ। कम्पनीमा लगातार काम गरेको वर्ष संख्या, तोकिएको काम गर्ने दिन र घण्टा अनुसार प्राप्त गर्न सक्ने वार्षिक तलबी छुट्टीको दिन संख्या फरक हुन्छ। त्यसपछि प्रत्येक वर्ष बितेसँगै दिन संख्या बढ्दै जान्छ र प्रदान गरिएको 2 वर्षको अवधिको माग गर्न सकिन्छ। वार्षिक तलबी छुट्टी प्रदान गरिने दिन संख्या संलग्न तालिकामा देखाइए अनुसार हुनेछ।

वार्षिक तलबी छुट्टी प्रयोग गर्ने बेला अग्रिम रूपमा आवेदन दिनुपर्छ। प्रायः कम्पनीहरूले आवेदन पत्र बनाएर उपलब्ध गराउने हुनाले उक्त पत्र कम्पनीमा पेस गर्नुहोस्।

वार्षिक तलबी छुट्टीमा बिदा लिएको बेला कानुनमा उल्लेख गरिए अनुसारको पारिश्रमिक प्राप्त गर्न सकिन्छ। बिदा लिएको दिनलाई अनुपस्थिति मान्ने, बोनस आदि घटाइने जस्ता कुराहरू हुँदैन।

सामान्यतया जापानमा वार्षिक तलबी छुट्टी किनेर रकम भुक्तानी गरिने कुरा कानुनद्वारा निषेध गरिएको छ।

**2. वार्षिक तलबी छुट्टी लिन नसक्ने खण्डमा**

कम्पनीले व्यस्त भएकोले वा अर्को दिन बिदा लिनुहोस् भनेर बिदा लिन नसक्ने अवस्था पनि हुन्छ। यो कामदारले कामबाट बिदा लियो भने कम्पनीको सञ्चालनमा बाधा पुग्ने अवस्थामा मात्र, कम्पनीले फरक दिन बिदा लिन अनुरोध गरी, आवेदन दिएको दिन परिवर्तन गर्न सक्ने व्यवस्था हो।

सधैं मान्छे नभएकोले तपाईंले बिदा लिन सक्नुहुन्न आदि भनी, हरेक पटक आवेदन दिँदा एकै कुरा भनिने गरेको खण्डमा, कम्पनी पक्षमा समस्या भएको मानिन सक्ने हुनाले श्रम मापदण्ड निरीक्षण कार्यालयमा परामर्श गर्नुहोस्।

अग्रिम रूपमा आवेदन दिँदा पनि बिदा लिन नसकेको खण्डमा, कम्पनीसँग उक्त कारण निश्चय गर्नुहोस्।

कार्य नियमावलीमा वार्षिक तलबी छुट्टीको लागि लिखित आवेदन अनिवार्य भनेर लेखिएको खण्डमा, त्यसको पालना गर्नु राम्रो हुन्छ। मौखिक रूपमा आवेदन दिएमा पछि कम्पनीले "प्रक्रिया पूरा नगरिएकोले वार्षिक तलबी छुट्टी नभई अनुपस्थित मानिनेछ", "वार्षिक तलबी छुट्टी लिएको कुरा सुनेको छैन" आदि भन्न सक्ने हुनाले, लिखित आवेदन दिएमा यस्ता समस्याहरूबाट जोगिन सकिन्छ।

साथै श्रम मापदण्ड ऐन संशोधन पछि हेइसेइ 31 साल अप्रिल 1 तारिखदेखि कम्पनीले 10 दिन वा सोभन्दा बढी वार्षिक तलबी छुट्टी प्रदान गरिएका कामदारहरूलाई हरेक वर्ष समय तोक्ने जस्ता विधि अपनाएर 5 दिनको वार्षिक तलबी छुट्टी प्रदान नगरीकन हुँदैन। (संलग्न तालिकाको बाक्लो घेरा भित्रको भागमा पर्ने कामदारहरू यसको दायरामा पर्छन्।

**3. कम्पनीसँग सुधारको माग गर्दा पनि प्रतिक्रिया दिइएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

वार्षिक तलबी छुट्टी प्रदान गरिने दिन संख्या

| लगातार काम गरेको वर्ष संख्या | | 0.5 | 1.5 | 2.5 | 3.5 | 4.5 | 5.5 | 6.5 |
|---|---|---|---|---|---|---|---|---|
| सामान्य कामदार | | 10 | 11 | 12 | 14 | 16 | 18 | 20 |
| हप्तामा तोकिएको काम गर्ने समय 30 घण्टा भन्दा कम भएका कामदारहरू | हप्तामा तोकिएको काम गर्ने दिन संख्या 4 दिन अथवा 1 वर्षको तोकिएको काम गर्ने दिन संख्या 169 दिनदेखि 216 दिनसम्म | 7 | 8 | 9 | 10 | 12 | 13 | 15 |
| | हप्तामा तोकिएको काम गर्ने दिन संख्या 3 दिन अथवा 1 वर्षको तोकिएको काम गर्ने दिन संख्या 121 दिनदेखि 168 दिनसम्म | 5 | 6 | 6 | 8 | 9 | 10 | 11 |
| | हप्तामा तोकिएको काम गर्ने दिन संख्या 2 दिन अथवा 1 वर्षको तोकिएको काम गर्ने दिन संख्या 73 दिनदेखि 120 दिनसम्म | 3 | 4 | 4 | 5 | 6 | 6 | 7 |
| | हप्तामा तोकिएको काम गर्ने दिन संख्या 1 दिन अथवा 1 वर्षको तोकिएको काम गर्ने दिन संख्या 48 दिनदेखि 72 दिनसम्म | 1 | 2 | 2 | 2 | 3 | 3 | 3 |

---

पुष्टि गर्नुहोस्।

□ तपाईंको वार्षिक तलबी छुट्टी कति दिन छ?

□ तपाईंसँग वार्षिक तलबी छुट्टीको आवेदन पत्र छ?

□ वार्षिक तलबी छुट्टीबारे कार्य नियमावलीमा कुनै नियम छ?

---